# तुर्माखाँद राजपत्र


तुर्माखाँद गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८ संख्या १ मिति २०८१ जेठ २ गते


## भाग २

### तुर्माखाँद गाउँपालिकाको सूचना

तल उल्लिखित ऐन सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन २०७५ दफा २४ (५) तथा यस गाउँपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यबिधि २०७५ को दफा ९ (२) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ:

**सम्बत् २०८१ को ऐन नं.१**

### भु-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धि मापदण्ड तथा आधारहरु-२०८१

**प्रस्तावना**: भू-उपयोग ऐन, २०७६ तथा भू-उपयोग नियमावली, २०७९, (पहिलो संशोधन २०८०) को मापदण्ड तथा आधारहरुका अतिरिक्त देहाय अनुसार यस तुर्माखाँद गाउँपालिका

क्षेत्रको जग्गालाई भू-उपयोग क्षेत्रमा वर्गीकरण गरिने प्रयोजनको लागि भू-उपयोग ऐन, २०७६ को दफा (५) को उपदफा (४) वमोजिम भू-उपयोग क्षेत्र नक्सालाई अध्यावधिक गर्न यो मापदण्ड र आधार जारि गरिएको छ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः-**

क) यस मापदण्डको नाम **"भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धि मापदण्ड तथा आधारहरु-२०८१"** रहेको छ।

ख) यो मापदण्ड तुर्माखाँद गाउँ कार्यपालिकाले स्विकृत भएको मितिबाट तुर्माखाँद गाउँपालिका क्षेत्र भित्र लागु हुनेछ।

२. **परिभाषाः-** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

क) **"ऐन"** भन्नाले भूउपयोग ऐन, २०७६ लाई सम्झनुपर्दछ।

ख) **"नियमावली"** भन्नाले भूउपयोग नियमावली, २०७९ लाई सम्झनु पर्दछ।

ग) **"गाउँपालिका"** भन्नाले तुर्माखाँद गाउँपालिकालाई सम्झनु पर्दछ।

घ) **''"कार्यपालिका"** भन्नाले तुर्माखाँद गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।



तुर्माखाँद गाउँपालिका

ङ) **"भू-उपयोग''** भूमिको उपयोग सम्झनु पर्छ।

च) **"भू-उपयोग क्षेत्र नक्सा"** भन्नाले ऐनको दफा ५ बमोजिम तयार गरिएको भू-उपयोग क्षेत्र नक्सा सम्झनु पर्छ।

छ) **"भू-उपयोग योजना"** भन्नाले भू-उपयोगलाई व्यवस्थित गर्न दफा ६ बमोजिम तयार गरिएको योजना सम्झनु पर्छ ।

ज) **"भूमि"** भन्नाले पृथ्विको सतह, सतहभन्दा सिधा तल पृथ्विको केन्द्रसम्म र सतहभन्दा माथि पृथ्विको गुरुत्वले भेट्ने सिमासम्मको भाग पर्दछ।

झ)''**आवासीय क्षेत्र"** भन्नाले मानविय बासस्थानको लागि प्रयोग भएको घर, जग्गा तथा घरसँग जोडिएको वा नजोडिएको गोठ, भकारी, ग्यारेज, तवेला, इनार फलफुल बगैंचा, करेसावारी आँगन वा त्यस्तै अरु कुनै काममा प्रयोग गरिएको जग्गा सम्झनु पर्छ र सो शब्दले बसोवासको लागि प्रचलित कानुन बमोजिम तोकिएको कुनै क्षेत्रलाई समेत जनाउँदछ।

ञ) "**औद्योगिक क्षेत्र''** भन्नाले कुनै पनि कार्यस्थल वा वस्तु उत्पादन गर्ने उद्योग तथा सो सञ्चालन गर्ने प्रयोजनको लागि निर्माण गरिएका भवन घर टहराले चर्चेको जग्गा लगायत सो प्रयोजनको लागि

छुट्याईएका जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा उद्योग प्रवर्द्धन गर्ने उद्देश्यले प्रचलित कानुन बमोजिम तोकिएको विशेष आर्थिक क्षेत्रलाई समेत जनाउँदछ।

ट) **"कृषि क्षेत्र"** भन्नाले कृषि बालि उत्पादन, पशु पन्छी पालन फार्महाउस, मत्स्यपालन, माहुरिपालन, च्याउ खेति लगायत कृषिजन्य उत्पादन वागवानी वा वनबाटिका जडिबुटी र कृषि वनको लागि प्रयोग भएको वा हुन सक्ने जग्गा सम्झनु पर्दछ।

ठ) **"खानी तथा खनिज क्षेत्र"** प्रचलित कानुन वमोजिम खानी तथा खनिज पदार्थको उत्खनन, उत्पादन, शुद्धीकरण, प्रशोधन, सञ्चय गर्ने प्रयोजनको लागि छुट्याइएको क्षेत्र सम्झनु पर्दछ।

ड) **"वन क्षेत्र"** भन्नाले प्रचलित कानुन बमोजिम तोकिएको वन क्षेत्र सम्जनु पर्दछ।

ढ) **"व्यवसायिक क्षेत्र"** भन्नाले बैंङ्क सहकारी र वित्तीय संस्था, पसल, होटेल, प्रदर्शनी कक्ष, पेट्रोल पम्प, गोदाम घर, चलचित्र घर, मनोरंजन सम्बन्धी सेवा वस्तुको खरिद बिक्री हुने स्थान कुनै साहित्यिक वैज्ञानिक, प्राविधिक सेवा, सूचना तथा परामर्श उपलब्ध गराउने संस्था अन्य कुनै

व्यवसायिक प्रयोजनको लागि छुटाईएको जग्गा तथा पर्यटन व्यवसायले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा बजार विस्तार गर्ने गरी प्रचलित कानुन बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउछ।

ण) **"सांस्कृतिक तथा पुरातात्विक महत्त्वको क्षेत्र"** भन्नाले धार्मिक स्थल धर्मशाला पुरातात्त्विक महत्त्वका दरवार तथा प्रचलित कानुन वमोजिम सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वका क्षेत्र भनि तोकिएका क्षेत्र सम्झनु पर्छ।

त) **"सार्वजनिक उपयोगको क्षेत्र"** भन्नाले विद्यालय, विश्वविद्यालय, छात्रावास, सडक, सिंचाई कुलो वा नहर, इनार कुवा, चौतारी, पाटी पौवा, गौशाला, विमानस्थल, गौचर, खेलकुद मैदान तथा अन्य सार्वजनिक उपयोगको लागि निर्माण गरिएका भवन, घर, टहरा रहेको स्थान तथा त्यस्ता संरचनाले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा सार्वजानिक उपयोगको क्षेत्र भनि प्रचलित कानुन बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ।

## परिच्छेद-२

### ३. भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्डहरु

१. हालको उपयोगमा रहेको जग्गालाई यस मापदण्डमा उल्लेख भएकोमा वाहेक नापी विभागबाट हस्तान्तरण भएको वर्गिकृत भू-उपयोग मापदण्ड वर्गिकरण क्षेत्रमा नै वर्गिकरण गर्ने।

२. जोखिम लगायत अन्य सम्वेदनशील क्षेत्रको जग्गालाई नापी विभागबाट हस्तान्तरण भएको वर्गीकरण भू-उपयोग क्षेत्र वमोजिम नै वर्गिकरण गर्ने।

३. यस अघि नापी विभागबाट आवासिय व्यवसायिक र औद्योगिक क्षेत्रमा विभाजन भएको जग्गालाई सोही क्षेत्रमा वर्गीकरण गर्ने, तर गाउँपालिकाको आवश्यक्ता र उपयुक्त देखेमा आवासिय क्षेत्रलाई यस मापदण्डको अधिनमा रही व्यवसायिक क्षेत्रमा अध्यावधिक गर्न सकिने छ।

४. सरकारी, सार्वजनिक तथा समुदायिक प्रयोजनको लागि प्रयोग हुने जग्गा (सेवा प्रदान गर्ने सरकारी कार्यालयहरु बाहेक) लाई सार्वजनिक उपयोग क्षेत्रमा वर्गीकरण गर्ने।

५. हाल उपयोगमा रहेका नदीनाला, ताल, तलैया, पोखरी (व्यक्तिको निजी पोखरी बाहेक) लगायतका पानीजन्य उपयोगमा रहेका क्षेत्रलाई



तुर्माखाँद गाउँपालिका

नदी, खोला, ताल तथा सिमसार क्षेत्रमा वर्गीकरण गर्ने।

६. स्थानीय तहबाट स्वीकृत प्राप्त गरी खानी तथा खानिजन्य पदार्थहरु जस्तै ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गर्ने क्षेत्रलाई खानी तथा खनिज क्षेत्रमा वर्गीकरण गर्ने।

७. हाल कायम सबै किसिमका वन पैदावार क्षेत्र (धार्मिक, निजी जग्गामा भएको बाहेक) लाई वन क्षेत्रमा वर्गीकरण गर्ने।

८. हाल उपयोगमा रहेका मठ, मन्दिर, गुम्बा, चर्च लगायत धार्मिक क्षेत्रले चर्चेका खाली जग्गा, परापूर्वकाल देखिका ऐतिहासिक धरोरह सांस्कृतिक र पुरातात्विक महत्वका क्षेत्रलाई सांस्कृतिक तथा पुरातात्विक क्षेत्रमा वर्गीकरण गर्ने।

९. गाउँपालिका क्षेत्रमा नेपाल सरकार, उद्योग मन्त्रालय बाट स्वीकृत औद्योगिक ग्राम संचालन सम्बन्धि कार्यविधि २०७५ बमोजिम कम्तिमा एक वटा औद्योगिक ग्राम क्षेत्र निर्धारण गरि औद्योगिक क्षेत्रमा वर्गीकरण गर्ने।

१०. हाल चलन चल्तीमा उपयोग भईरहेको पसल, बैंक तथा वित्तीय संस्था, होटेल रेष्टुरा, हाटबजार लाग्ने स्थल, चमेना गृह, खाजा फास्टफुड घर, व्यवसायिक प्रयोजनका लागि उपयोग गर्ने स्टोरेज सेवा, सेवा प्रदान गर्ने सरकारी कार्यालय

र सो ले चर्चेका खाली जग्गा, निजी क्षेत्रबाट संचालित अन्य कार्यालयहरु र सोले चर्चेका जग्गा, निजी क्षेत्रबाट संचालित अस्पताल विद्यालय क्याम्पस, नर्सिङ होम, पोलिक्लिनिक, रेडियो तथा टेलिभिजन, इन्टरनेट सेवा प्रदायक संस्था लगायतलाई व्यवसायिक क्षेत्रमा वर्गीकरण गर्ने।

११. कुनै निजि कित्ता तोकिएको मापदण्ड बमोजिम वर्गीकरण गर्दा कुनै क्षेत्र भन्दा थोरै सानो/ठूलो भइ सो जग्गालाई सदुपयोग गर्न नसकिने भएमा जुन क्षेत्रमा वर्गीकरण गर्दा सदुपयोग गर्न सकिन्छ सोहि बमोजिमको क्षेत्रमा वर्गीकरण गर्ने।

१२.कुनै निजि कित्ता वर्गीकरण गर्दा दुई वा दुई भन्दा बढी क्षेत्रमा परेमा त्यस्तो कित्ताको जति क्षेत्रफल जुन क्षेत्रको वर्गीकरणमा पर्ने हो सोही बमोजिम वर्गिकरण समाबेश गरी भू-उपयोग क्षेत्र नक्सा अद्यावधिक गर्ने।

१३.माथि क्रमसंख्या १ देखि १२ सम्म उल्लेखित आधारहरुमा तुर्माखाँद गाउँपालिका भित्रको देहायका क्षेत्रहरुलाई देहाय वमोजिम वर्गीकरण गर्ने।

क. आवासीय क्षेत्रः

तुर्माखाँद गाउँपालिका वडा नं १ मा रहेका निम्न मापदण्ड

| क.स | विस्तृत विवरण | कैफियत |
|---|---|---|
| १. | विन्द्रासैनी टोल र विन्द्रासैनी मा.वि. वरपर ३०० मिटर भित्रको जग्गा | |
| २. | रहफ भित्रका ग्रामिण सडकको वरपर वसोवास गर्न उपयुक्त क्षेत्र सडकको दायाँ बाँया १००/१०० मिटर | |
| ३. | देवलडाडा हाल बसोवास भएको क्षेत्रको वरपर २०० मिटर | |

भित्रका निजि जग्गाहरु

तुर्माखाँद गाउँपालिका वडा नं २ मा रहेका निम्न मापदण्ड

भित्रका निजि जग्गाहरु

| क.स. | विस्तृत विवरण | कैफियत |
|---|---|---|
| १. | बुद्धशान्ती आ.वि. ताँदीको वरिपरी २०० मिटरको क्षेत्र | |
| २. | तुर्माखाँद रहफ सडकको अम्लिसेन देखि चाखा सडकको दँया बाँया १५०/१५० मिटर | |
| ३. | कर्णाली झोलुङ्गे पुल देखि सुर्य मा.वि. जोड्ने सडक खण्ड (अतरकाँडा, सल्लेटाकुरा, भालुमारे डाँडा) को दाँया बाँया १५०/१५० मिटर | |
| ४. | जम्फुगडा-पडेली क्षेत्रको गोरेटो बाटोको दायाँ बायाँ ५०/५० मिटर | |
| ५. | लामामेला, बिउराखेत, सिम, ताँदि भित्रिवनको क्षेत्र | |

तुर्माखाँद गाउँपालिका वडा नं ३ मा रहेका निम्न मापदण्ड भित्रका निजि जग्गाहरु

| क्र.स. | विस्तृत विवरण | कैफियत |
|---|---|---|
| १. | सेलाखेत झोलुङ्गे पुलबाट लोडे गैरेडाव हुँदै झाङ्सा खोला सम्म जोड्ने कर्णाली करिडोरको दायाँ बायाँ १००/१०० मिटर | |
| २. | लोडे, निसान, असारा, मासेवगर, तल्ला थाल्पाटा, लोप्डे झाङ्सा सडकको दायँ बायाँ १००/१०० मिटर | |
| ३. | चिउराखाँद देखि माथिल्लो थाल्पाटा हुँदै तोलिपानि डाँडा टोल देखि मासेबगर सम्म सडकको दायाँ बायाँ१००/१०० मिटर | |
| ४. | ढकढके, ठूलागाव, रप्से, बतासे, सुङ्गरखाल, ज्यारिम खोला, कोट सुवाछेडा, बिजु, खैरेखोला, चिउराखाँद, चानु, छाइलेपडा देखि कालिका मन्दिर हुँदै बण्डालि थान सम्म सडकको दायाँ बायाँ १००/१०० मिटर | |
| ५. | किमिडे डाँडा देखि भलाया चाखा सडकको दायाँ बायाँ १००/१०० मिटर | |
| ६. | तानिकोट हुँदै असाराघाट सम्म सडकको दायाँ बायाँ १००/१०० मिटर | |
| ७. | पलङ्गा-मटुरा फाडे हुँदै लोडे कर्णाली करिडोर को दायाँ बायाँ १००/१०० मिटर | |
| ८. | वसेन, सल्लेवगर, रामखोला, चितासैन विद्यालय बरपरको क्षेत्र | |

| | | |
|---|---|---|
| ९. | लुढाखाल-बुढागढा पाल्लाबाट-ठूलाखाल हुँदै सेलगाडि-बेलरुख हुँदै पातर खोला सम्म सडकको दायँ बायाँ १००/१०० मिटर | |
| १०. | माइका पाथिफाल्ने देखि भैरव मा.वि.हुँदै भैरवथान ठूलाखाल सम्मको सडकको दायाँबायाँ १००/१०० मिटर | |
| ११. | माइका पाथिफाल्ने देखि मुले पुत्रा-पुत्रा विद्यालय हुँदै जङ्गलघाट सम्मको सडकको दायाँ बायाँ १००/१०० मिटर | |
| १२. | पुत्राखोला बाट चाकपाडे तल्लोबल्धे, माथिल्लोबल्धे-काठेगडा, गणेश पानि राहवल्धे, तल्लारा आमरुख ओखलढुङ्गा-चिउराखाँद सडकको दायाँ बायाँ १००/१०० मिटर | |

तुर्माखाँद गाउँपालिका वडा नं ४ मा रहेका निम्न मापदण्ड भित्रका निजि जग्गाहरु

| क.स. | विस्तृत विवरण | कैफियत |
|---|---|---|
| १. | तिले गडा पिपल रुख देखि डाडा टोल पिपल चौतारा सम्म गोरेटो बाटोको दायाँ बायाँ १००/१०० मिटर | |
| २. | गैराटोल निमाडे क्षेत्र | |
| ३. | त्रिताङ देखि माटेमाडु दग्डे सम्म गोरेटो बाटोको दायाँ बायाँ १००/१०० मिटर | |
| ४. | विश्वज्योति माबि जैसुर देखि १०० पूर्वको क्षेत्र | |
| ५. | चौपाते, ताल, जंगलघाट को क्षेत्र | |
| ६. | पसान्ता, दुबौरा, खाङ्ग्रा को हाल आवासिय क्षेत्र | |
| ७. | डोप्का देखि मिलनचोक पिपल चौतारा सम्म गोरेटो बाटोको दायाँ बायाँ १५०/१५० मिटर | |
| ८. | सिमापानि देखि चावड सम्म गोरेटो बाटोको दायाँ बायाँ १००/१०० मिटर | |
| ९. | दुधेचौका देखि पल्लावन जाने ग्रामिण सडको पश्चिम तर्फ १०० मिटरको क्षेत्र | |
| १०. | च्युसैन देखि पल्लावन लाटाकान सम्मको क्षेत्र | |
| ११. | तल्लो गोदे देखि नावापानि देउलडा सम्म गोरेटो बाटोको दायाँ बायाँ १००/१०० मिटर | |
| १२. | चुकेआप, लुङ्ग्री, सल्लेनि डाँडाको हाल आवासिय क्षेत्र रहेको जग्गा | |
| १३. | सैन देखि पाटन बजार सम्म गोरेटो बाटोको दायाँ बायाँ १५०/१५० मिटर | |

| | | |
|---|---|---|
| १४. | जंगलघाट सडकखण्डको पश्चिम २०० मिटरमा रहेको तलगाँउ क्षेत्र | |
| १५. | बादेपडा देखि बाँसरुख सम्म गोरेटो बाटोको दायाँ बायाँ ५०/५० मिटर | |
| १६. | डुमपानि, सिमलरुख टोल | |
| १७. | पिपलचौतारा देखि मिलनचोक सम्म गोरेटो बाटोको पश्चिम १०० मिटर | |
| १८. | मिलनचोक वरिपरि १०० मिटरको क्षेत्र | |
| २९. | सरस्वति आवि कोट-सक्ते नेपाली स्मृति पिपल चौतारा-बण्डालिमाडु क्षेत्र भित्र पर्ने दलित टोल | |
| २०. | गैरावाडा टोल, कालिका मन्दिर देखि बन्डालिमाडु सम्म गोरेटो बाटोको दायाँ बायाँ १५०/१५० मिटर | |
| २१. | कमल आवि, वडबाडा, च्यालबाडा, स्यालदुला, बादि पिपल चौतारा, सल्यडी टोलको जग्गा | |
| २२. | कपलगैरा, भुवा सेलाउने, सातले, चावड लाटाखान क्षेत्रको हाल आवासिय क्षेत्र रहेको जग्गा | |

तुर्माखाँद गाउँपालिका वडा नं ५ मा रहेका निम्न मापदण्ड भित्रका निजि जग्गाहरु

| क्र.स. | विस्तृत विवरण | कैफियत |
|---|---|---|
| १. | बुढाखाली देखी भाडेखर्क जाने सडकको दायाँ बायाँ १००/१०० मिटर | |
| २. | तुर्माखाँद-ढुँगाचाल्ना सडक खण्डको दायाँ बायाँ १००/१०० मिटर | |
| ३. | बुदे बाजथला देखि सल्यरी सडकको दायाँ बायाँ १००/१०० मिटर | |
| ४. | बगुर-रिठाखोला सडक खण्डको दायाँ बायाँ १००/१०० मिटर | |
| ५. | रातामाटा देखि उत्तर, जनकल्याण आ.वि. देखि पूर्व नाउलपानी सिमल रुख देखि पश्चिम, कुन्टा दक्षिण धुरगाउँ क्षेत्र | |
| ६. | माथिल्लो बाङ्गिडाँडाको पश्चिम परघर क्षेत्र | |
| ७. | लाख्रे डाँडा टोलको क्षेत्र | |
| ८. | तिलचौर सडकको पूर्व २०० मीटरको जग्गा | |
| ९. | तोल्लि मोटर बाटोको दायाँ बायाँ २००/२०० मिटर | |
| १०. | सरस्वति आ.वि.को पुरानो भवन देखि कोलिमरा सडक खण्डमा पर्ने बुढाखोला बाट पूर्व २०० मिटर पश्चिम २०० मिटरको क्षेत्र | |
| ११. | चामेतोलि कोलिमरा गोरेटो बाटोको दायँ बायाँ १००/१०० मिटर | |
| १२. | सैन कोलिमरा गोरेटो बाटो देखि पश्चिम १०० मिटरको क्षेत्र | |

| | | |
|---|---|---|
| १३. | तुर्माखाँद-ढुङ्गाचाल्ना सडक खण्डमा पर्ने माथिल्लो ढाँटा देखि भण्डारी टोल सम्मको सडक खण्डको दायाँ बायाँ ५०/५० मिटर | |
| १४. | मयाकाँडा सडक खण्डको दायाँ बायाँ ५०/५० मिटर | |
| १५. | भलाया काटिया क्षेत्र | |

तुर्माखाँद गाउँपालिका वडा नं ६ मा रहेका निम्न मापदण्ड भित्रका निजि जग्गाहरु

| क्र.स | विस्तृत विवरण | कैफियत |
|---|---|---|
| १. | कर्णाली करिडोरको गढिखोला देखि लोडेखोला सम्म सडकको दायाँ बायाँ ५०/५० मिटर | |
| २. | वडा कार्यालय भवन देखि टुनिवगर कर्णालि पुल सम्म सडकको दायाँ बायाँ १५०/१५० मिटर | |
| ३. | झ्याउरे पिपल (जम्मा खोला) देखि कापडि खोला सम्म सडकको दायाँ बायाँ १५०/१५० मिटर | |
| ४. | झ्याउरे पिपल (जम्मा खोला) देखि फुलाम खोला सम्म सडकको दायाँ बायाँ ५०/५० मिटर | |
| ५. | कर्णाली करिडोर देखि शिवमन्दिर सम्म सडकको दायाँ बायाँ ५०/५० मिटर | |
| ६. | खाल्का गडा देखि पियतडा सम्म सडकको दायाँ बायाँ ५०/५० मिटर | |
| ७. | स्यालेकरा देखि कल्यान सम्म सडकको दायाँ बायाँ ५०/५० | |

| | | |
|---|---|---|
| | मिटर | |
| ८. | कामेश्वरी मावि देखि बगुरखाल स्वास्थ्य कार्यालय सम्म सडकको दायाँ बायाँ ५०/५० मिटर | |
| ९. | बगुरखाल देखि मुसिखोला सम्म सडकको दायाँ बायाँ ५०/५० मिटर | |
| १०. | धुव्रतारा देखि कालसैन सम्म सडकको दायाँ बायाँ ५०/५० मिटर | |
| ११. | सिराडि, रामखोला, ग्वालखेत, बेलखेत, कोटवाडा, आमगैरा, ढाँड थाइ चातापडा चिलेताना क्षेत्रको जग्गाहरु हालको लागि मात्र आवासिय क्षेत्रमा वर्गिकरण गरिएको छ। | |

तुर्माखाँद गाउँपालिका वडा नं ७ मा रहेका निम्न मापदण्ड भित्रका निजि जग्गाहरु

| क्र.स. | विस्तृत विवरण | कैफियत |
|---|---|---|
| १. | नेटा देखि सिम सम्म मोटर बाटोको दायाँ बायाँ ५०/५० मिटर | |
| २. | बुढिखोला-सेप्टे- मासेखोला सडकको दायाँ बायाँ ५०/५० मिटर | |
| ३. | बाँसकाडा- बिनेकोट-नारिङ्ग्रा सडकको दायाँ बायाँ ५०/५० मिटर | |
| ४. | बुढिखोला देखि सेप्टे सम्म सडकको दायाँ बायाँ ५०/५० मिटर | |
| ५. | दहखाल सिउडेखेत मानिखाने मोटरबाटवको | |

| | | |
|---|---|---|
| | दायाँबायाँ १००/१०० मिटर | |
| ६. | बुढिखोला-दहखाल हुदै बसानसम्मको सडकको दायाँबायँ ५०/५० मिटर | |
| ७. | बाँसकाडा-पुनेपाटा सडक चोक देखि बिनेकोट सम्म सडकको दायाँ बायाँ२००/२०० मिटर | |
| ८. | गैरिटाँड-जंगलघाट सडकको बाँसकाडा क्षेत्रको दायाँबायाँ १००/१०० मिटर | |
| ९. | तितौडा पर्यटकिय ग्रामिण सडकको दायाँबायाँ ५०/५० मिटर | |
| १०. | भटिना देखि आडचौर हुँदै भण्डारिबाडा सम्म सडकको दायाँबायाँ ५०/५० मिटर | |
| ११. | सल्लेगडा, भाँगोमाड्ने, बराले गाउँ, पानिमुल क्षेत्रको जग्गा | |
| १२. | दहखाल- चौका कालिखोला सडकको दायाँबायाँ १००/१०० मिटर | |
| १३. | गैरिटाँड-जंगलघाट सडकको बाँसकाडा गोरेटो बाटोमा पर्ने दुदिला क्षेत्रको दायाँबायाँ ५०/५० मिटर | |

तुर्माखाँद गाउँपालिका

तुर्माखाँद गाउँपालिका वडा नं ८ मा रहेका निम्न मापदण्ड भित्रका निजि जग्गाहरु

| क.स. | विस्तृत विवरण | कैफियत |
|---|---|---|
| १. | जमुना पानि देखि रांगेबगर सम्म सडकको दायाँ बायाँ ५०- ५० मिटर सम्म छोएका किताहरु | |
| २. | सिम्लेगढा धारा देखि माथि तित्रासैन खारेखोला सम्मको क्षेत्र | |
| ३. | दुधेपानि देखि पिपलसैन हुदै छडिखोला सम्म सडकको दायाँ बायाँ ५०-५० मिटर सम्मको क्षेत्र | |
| ४. | बोरेला पानि सिद्धेश्वरी हुदै भाग दशा खोला सम्म सडकको दायाँ बायाँ १००-१०० मिटर सम्मको क्षेत्र | |
| ५. | भागदशा खोला देखि ढकाल बाडा सम्म सडकको दायाँ बायाँ ५०-५० मिटर | |
| ६. | बोगटी गाउँ देखि तिखा ढुङगा क्षेत्रको जग्गा | |
| ७. | गैरेगडा देखि घोडाखान सम्म ५० मिटर वरपरको जग्गा | |
| ८. | नाउँले गाउँका धारा देखि पटाखानी हुदै गाउँघर किल्निक सम्म सडकको दायाँ बायाँ ५०-५० मिटरको क्षेत्र | |
| ९. | पटाखानी देखि ग्वालसैन नेपाली टोल मेलडाडा लस्करेडाडा सम्म सडकको दायाँ बायाँ ५०-५० मिटर | |
| १०. | थाप्ला ठाटीकाध पोखरा डाडा सडकको मुनि ५० मिटर को क्षेत्र | |

**ख. व्यवसायिक क्षेत्रः**

तुर्माखाँद गाउँपालिका वडा नं १ मा रहेका निम्न मापदण्ड भित्रका जग्गाहरु

| क्र.स. | विस्तृत विवरण | कैफियत |
|---|---|---|
| १. | कर्णाली करिडोर (घाटाखेत देखि सेप्टेखोला सम्म) सडकको दायाँ बायाँ ५०/५० मिटर | |
| २. | वडा कार्यालय वरपर ५०० मिटरको जग्गा | |
| ३. | भैरव आ.वि. वरपर ५०० मिटरको जग्गा | |

तुर्माखाँद गाउँपालिका वडा नं २ मा रहेका निम्न मापदण्ड भित्रका जग्गाहरु

| क्र.स. | विस्तृत विवरण | कैफियत |
|---|---|---|
| १. | पोखी, ताँदि र आमगैरा, ताँदि पडेलि को क्षेत्र | |
| २. | मिलनचोक देखि चाखा सम्म सडकको दायाँबायाँ ५०/५० मिटर | |
| ३. | कर्णालि करिडोर खण्डको कालाबालुवा देखि ढकढके खोला सम्मको सडकको दायाँबायाँ १००/१०० मिटर | |
| ४. | कर्णाली झोलुङ्गे पुल देखि वडा कार्यालय हुँदै सुर्य मा.वि. सम्म सडकसंग जोडिएका कित्ताहरु | |
| ५. | वडा कार्यालय र वरिपरीको क्षेत्र | |
| ६. | भैनेरी गडा र भित्रि वनको झरना गुफा | |

तुर्माखाँद गाउँपालिका वडा नं ३ मा रहेका निम्न मापदण्ड भित्रका जग्गाहरु

| क.स. | विस्तृत विवरण | कैफियत |
|---|---|---|
| १. | चिउराखँद बजार क्षेत्र | |
| २. | मासेबगर बजार क्षेत्र | |
| ३. | रिङ्गदा  लोडे बजार क्षेत्र | |
| ४. | कालिकामन्दिर देखि पिपल चौतारा आमि सडकको दायाँ बायाँ २५/२५ मिटर | |
| ५. | पिपल चौतारा लकान्द्र बजार क्षेत्र | |
| ६. | चाकपाडे बजार क्षेत्र | |
| ७. | चितासैन बजार क्षेत्र | |
| ८. | वडाकार्यालय र वरपरको क्षेत्र | |

तुर्माखाँद गाउँपालिका वडा नं ४ मा रहेका निम्न मापदण्ड भित्रका जग्गाहरु

| क.स. | विस्तृत विवरण | कैफियत |
|---|---|---|
| १. | जंगलघाट, डम्म, राजिगाउँ, ने.रा. आ.वि. वरपरको क्षेत्र | |
| २. | जैसुर नयाँबजार क्षेत्र | |
| ३. | चिमालिपानि- वडा कार्यालय हुँदै पाटन बजार-दश शैया अस्पताल-राँगाजुझे खैल मैदान- शिवजडी वनकार्यलय देखि | |

| | | |
|---|---|---|
| | प्रहरी चौकि- पालिका भवन हुँदै पुवाखोला क्षेत्र भित्र पर्ने तुर्माखाँद बजार भित्रको क्षेत्र | |
| ४. | रातिमाटा बडरुख वरपरको क्षेत्र | |
| ५. | नबिल बैंक, महिला बहुउद्यश्य सहकारी संस्था, चेतना सहकारी, मोडेल पव्लिक इङ्गलिस बोडिङ्ग स्कुल, अछाम मोडेल इङ्गलिस बोडिङ्ग स्कुल | |

तुर्माखाँद गाउँपालिका वडा नं ५ मा रहेका निम्न मापदण्ड भित्रका जग्गाहरु

| क.स. | विस्तृत विवरण | कैफियत |
|---|---|---|
| १. | हालको वडा कार्यालय र वरपर १०० मिटरको क्षेत्र | |
| २. | जनकल्याण आ.वि. वरपर १०० मिटरको क्षेत्र (धुरगाउँडाँडा) | |
| ३. | खालागडा, लाग्ने डाँडा, थोलुडाँडा, पिपल चौतारा, टोटकेसाल, बैसडँडाको क्षेत्र | |
| ४. | जिवनोद्धार आ.वि. देखि ५०० मिटर पूर्व र उत्तरको क्षेत्र | |
| ५. | सामुदायिक स्वस्थ्य इकाई केन्द्र बुदे देखि १०० मिटर उत्तरको क्षेत्र | |
| ६. | तुर्माखाँद- मंगलसेन सडक खण्डको नत्खोला देखि रीठाखोलाको क्षेत्र | |
| ७. | कालिकेश्वरी मा.वि. देखि ५०० मिटर उत्तर र पश्चिमको क्षेत्र | |

| | | |
|---|---|---|
| ८. | जनकल्याण आ.वि. देखि ५०० मिटर उत्तर र पश्चिमको क्षेत्र | |
| ९. | नवदुर्गा आ.वि. देखि ५०० मिटर उत्तर, दक्षिण र पश्चिमको क्षेत्र | |
| १०. | सरस्वती आ.वि.को पुरानो भवन वरपर ५०० मिटरको क्षेत्र | |
| ११. | स्वास्थ्य चौकि नाडाको उत्तर, दक्षिण र पश्चिम १०० मिटरको क्षेत्र | |
| १२. | लक्ष्मिनिवास आ.वि. देखि दक्षिण तर्फ ५०० मिटरको क्षेत्र | |
| १३. | शिवस्थान वचत तथा ऋण सहकारी संस्था नाडा | |

तुर्माखाँद गाउँपालिका वडा नं ६ मा रहेका निम्न मापदण्ड भित्रका जग्गाहरु

| क.स. | विस्तृत विवरण | कैफियत |
|---|---|---|
| १. | भैरवस्थान प्रहरी चौकि कुनिगडा वरपर २०० मिटरको क्षेत्र | |
| २. | तुल्ता, स्यालेकरा, बगुरखाल, दाडे, राताखाली हालको बजार क्षेत्र वरपर २०० मिटरको क्षेत्र | |
| ३. | रानिवन कृषि सहकारी | |

तुर्माखाँद गाउँपालिका वडा नं ७ मा रहेका निम्न मापदण्ड भित्रका जग्गाहरु

| क.स. | विस्तृत विवरण | कैफियत |
|---|---|---|
| १. | लुगापोखरा देखि दुधिला हुँदै तल्लो बाँसकाडा बिनेकोट सडकले छोएका कित्ताहरु | |
| २. | दहखाल-चौका-मानेगैरा-मानिखाने सम्म सडकले छोएका कित्ताहरु | |
| ३. | नेटा सडक खण्डले छोएका कित्ताहरु | |
| ४. | वडा कार्यालय र वरिपरिको क्षेत्र | |
| ५. | सहकारि भवन | |

तुर्माखाँद गाउँपालिका वडा नं ८ मा रहेका निम्न मापदण्ड भित्रका जग्गाहरु

| क.स. | विस्तृत विवरण | कैफियत |
|---|---|---|
| १. | पुनेपाटा राजमार्ग चोक बाट २०० मिटर दायाँ बायाँ को क्षेत्र | |
| २. | पोखरा डाडा देखि पालेतडा ५०-५० मिटरको क्षेत्र | |
| ३. | पटाखानी चोकको ५० मिटरको वरिपरिको क्षेत्र | |
| ४. | वडा कार्यालय देखि बोरेला पानि सम्मको क्षेत्र | |
| ५. | गैलड पल्चौर देउतला क्षेत्रको ५० मिटर वरपर | |

तुर्माखाँद गाउँपालिका

ग. साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्रः

| वडा नं. | क्षेत्र | कैफियत |
|---|---|---|
| १ | रानाकोट काल्चेथला जोलमुग्रा, घोडालास सिउतिकोट, चरेपानि ठाडिलेख रोकुवा वन धार्मिक पर्यटकिय क्षेत्र लगायत यस वडा भित्र रहेका सम्पूर्ण मठमन्दिर तथा देवल खम्बाहरु | |
| २ | कालिका मन्दिर, माइमन्दिर, रिटेराइ मन्दिर, अधिकारी देवति मन्दिर, गज्जडा मन्दिर, मस्टा मन्दिर, दुधे मस्टा मन्दिर, भोट मन्दिर, पेटारे मन्दिर | |
| ३ | लोडे शिव मन्दिर लगायत यस वडा भित्रका सम्पुर्ण धार्मिक मठ्मन्दिरहरु सबै | |
| ४ | कालसैनि डाँडा धार्मिक महत्वको क्षेत्र, कालिका मन्दिर चिसि, बण्डालि देवता मन्दिर चिसि, मस्टा देवता मन्दिर तुर्माखाँद, कालसैनि देवता मन्दिर चिसि, वड मष्टा मन्दिर, कैलासे मस्टा मन्दिर, माटे थान, पुवाखोला माथिल्लो माटेथान, राजिथान चिसि, पानिमुल देवता, लाटा थान चिसि, शिवपाइला विन्काल्ना, कालिका मन्दिर नतखोला, स्यालदुला कालिका मन्दिर, बाजिकुटि पिपल चौतारा, भैरउ थान, कालिका मन्दिर डाडा टोल, जुय कालिका मन्दिर, कासिराज दाडे पिपल, जुय माटेथान, धारपानि माटे थान, दुधेसिल्ला मष्टो, जुय बाजडो, त्रिपुराश्वरी जैसुर, शिवजि मन्दिर जैसुर, कासिराज देवता मन्दिर, जैसुर माईमन्दिर, छडाल देवता मन्दिर जैसुर, बेताल देवता मन्दिर, कालिका मन्दिर पल्लावन, कालिका मन्दिर जैसुर, कालिका मन्दिर गोदे | |
| ५ | पाँडागडा शिवगुफा, नवदुर्गा मन्दिर, कालिका देवि मन्दिर, शिव मन्दिर, कालिका मन्दिर, मष्टा देवता मन्दिर, शिद्धेपानि मन्दिर, भैरव मन्दिर, मष्टा मन्दिर, नारायण मन्दिर, राम मन्दिर, वेताल देवता मन्दिर, माटे मन्दिर, धौलपुरा देवता मन्दिर र बागेश्वरी, नागढुङ्गा, नागपर्वत धार्मिक तथा पर्यटकिय क्षेत्र लगायतको क्षेत्र | |

| | | |
|---|---|---|
| ६ | मस्टा देवता मन्दिर, कालिका मन्दिर तुल्ता, लाटे देवता मन्दिर, गैल्ड देवता मन्दिर, भवानिथान, भैरव देवता, खोदाइ देवता, कालिका मन्दिर नाउगाडे, कालिका मन्दिर गैलढ, अधिकारि माटे देवता मन्दिर, कालिका मन्दिर कुनेगडा, जाल्पादेवि मन्दिर तुल्ता, माटे मन्दिर पिङ्गेतडा, शिवालय मन्दिर तुल्ता, शिवालय मन्दिर कुनेगडा, गाइपाईला धार्मिक पर्यटकिय क्षेत्र, शिवजि मन्दिर, कृष्ण जि झुन्डेको ठाउँ, जाल्पा देवि माई मन्दिर, कालिका मन्दिर तलौनि, देउति मन्दिर, कालोशिल्ला मन्दिर, दाडे मष्टो बाडेपानि, कुकुरदुला मन्दिर र कालसैनि देवता मन्दिर | |
| ७ | तितौडा मन्दिर, शिवगुफा, नौ खम्म, एक्ले खम्म, केैलु पाइला, मैहाल्ने पडा, जुम्लिपडा बासुधारा, बण्डाली देवता मन्दिर माहुगडा, बण्डालि देवता मन्दिर कोलडाँडा, बण्डालि देवता मन्दर सल्यरि डाँडा, कालिकाथान बरालिगाँउ, सुन्दरा देवि बाँसकाडा, बाँझाखेत कालिका थान, दक्षिण कालिका मन्दिर बुढागडा, देउति बजै सेप्टे, देउतिबजै राँगोहान्ने डाँडा, देउति बजै नेटा, कालिका मन्दिर पिपल नेटा, कालिका मन्दिर मौला, कालिका मन्दिर खिर्सेन, कालिका मन्दिर धामिखेत, श्री बण्डालि कुन्टे देवता मन्दिर, मष्टो देवता मन्दिर, छडिखोला, माटे देवता लाटामाडु, बालन देवता डँडा गडा, नागेपडो, तपसिमाडु, गोदेखोला मन्दिर | |
| ८ | तितौडा मन्दिर (त्रिपुराश्वरी) शिवगुफा, तोरानी खोला शिवगुफा, थापागाउँ नवदुर्गा मन्दिर, गैरगढा नवदुर्गा मन्दिर, घोडाखाँद कालिका मन्दिर, पल्लासैन कुल देवता मन्दिर, गैरगडा गोदेखोला मन्दिर, प्यारमाल बाम्निथान मन्दिर, बैलचाक जल्पादेवी मष्टो देवता मन्दिर, देउलाघर मन्दिर, लाटोमाटे देवता तिखाढुङगा, गैरगढा लाटेमाटो देवता, देउतला कुल देवता मन्दिर, पुनेपाटा कालिका मन्दिर, दुधेमष्टो मन्दिर, सम्वाद महनेल देवता मन्दिर, बोगटी गाउँ कालिका मन्दिर, डाडामुनि मन्दिर, चाकुनेगडा कालिका मन्दिर, थापागाउँ कालिका मन्दिर, पोखराडाडा कालिका मन्दिर, पञ्चदेवल पुनेपाटा मन्दिर, बलातीबाडा देवता मन्दिर, मष्टो देवता, गौताय जडो मन्दिर, शोभिदेवी मन्दिर, खिरारुख देउती मन्दिर, पोखराडाडा कुलेमाण्डु, खेतधारा मन्दिर, कुलेमाण्डु बैकुण्ठेश्वरी पर्यटन क्षेत्र, दाडेमष्टो देवता मन्दिर, देउतला कालिका मन्दिर, साउनाकोट कालिका मन्दिर, | |

| | | |
|---|---|---|
| | पिर्ता माडु मन्दिर, मौलाकालि मन्दिर, कृष्ण मन्दिर, सरस्वती मन्दिर, कुल देवता मन्दिर सालघारी, तिखाढुङगा धार्मिक स्तल, पिपलसैन कालिका मन्दिर, दुधेपानी कालिका मन्दिर, भाडेगडा कालिका मन्दिर, खालगाडे माटे मन्दिर, माटीखड्यान कालिका मन्दिर, ढकाल टोल कालिका मन्दिर, माथिल्लो पल्चौर कालिका मन्दिर, तल्लो पल्चौर कालिका मन्दिर, छेपाडी खोला भैरव मन्दिर, पल्चौर कुल देवता मन्दिर, पल्चौर माई मन्दिर, खोदाई मन्दिर, ढकाल बाडा कालिका मन्दिर, खोदाई मन्दिर जुकाना, खोडेतला कुल देवता मन्दिर | |

## घ. औद्योगिक क्षेत्रः

| वडा नं. | क्षेत्र | कैफियत |
|---|---|---|
| १ | बुडाबालुवा क्षेत्र लगायत वडा भित्रका कुटानि पिसानी मिलहरु | |
| २ | वडा सामुदायिक मिल | |
| ३ | अपर कर्णाली Hydro power ले ओगट्ने क्षेत्र | |
| ४ | शिव पाउरोटी उद्योग, प्रसंशा चाउमिन एण्ड सस् उद्योग तुर्माखाँद फर्निचर तथा सावुन उद्योग | |
| ५ | धुरगाउँ सामुदायिक मिल रहेको जग्गा | |
| ६ | तुल्ता कुटानि पिसानि मिल  र स्यालेकरा कुटानि पिसानि मिल | |
| ७ | सेप्टे कुटानि पिसानि मिल र बिष्ट गाउँ कुटानि पिसानि मिल | |
| ८ | वडा सार्वजनिक मिल धमालीको जग्गा | |

ङ.खानि तथा खनिज क्षेत्रः

| वडा नं. | क्षेत्र | कैफियत |
|---|---|---|
| १ | मैनखोला कमेरो खानि, रुन्टि कमेरो खानि, सेप्टेखोला पत्थर खानि, कालाखोला खरी खानि कोलगाडे खरी खानि, लौडिमालिका, जडासैन, अम्राडाडा कोल्चोर बाजगाडि ढुङ्गा खानि | |
| २ | कर्णाली नदिको किनारमा रहेको जाङ्सा, लामागडा, ताँदिको सेरी, जम्फुगडा, ताँदिको लामागडा तथा बगर क्षेत्र, डुडुल्ले, भटेउडा र डुँडेगैरा पत्थर तथा गिट्टि खानी | |
| ३ | सुगुरखाल कमेरो खानी, आमिकोट तामा खानी, चानु, कोलडाडा, वातथाला गिट्टी खानी | |
| ४ | चिसिखोला, जंगलघाट बालुवा खानी, जंगलघाट चौपाते, जैसुर छनछने, शिवजडी र लुडा ढुङ्गा तथा गिट्टि खानी, कुखुरेखोर फलाम खानी | |
| ५ | बाङ्गीखोला, भेडाखोर, नाउली, बगुर ठूलाखोला गिट्टी खानी, माथिल्लो बाङ्गी, गोलाघाट, बिनकाल्ना, टोट्केसाल ढुङ्गा तथा पत्थर खानी, भण्डार, तातापानी, गजार सेतो माटो खानी, काडाँखोला, तिखाढुङ्गा बगुर ठूलाखोला बालुवा खानी | |
| ६ | बुढाखोला र नाउलेपातल ढुङ्गा खानी | |
| ७ | तितौडा तामा खानी, जडि लाटाखान, कालिखोला सिद्धपानि, ठुलाखोला, दोविना रिट्टा र बुकाखोला ढुङ्गा खानी | |

| | | |
|---|---|---|
| ८ | कटुन खोला फलाम खानी, सल्यान नेपाने ढोड, कालिभिटा, जुकेपानी खरी खानी , बयलचाका, नौलामुला, काड्छेमेला ढुङ्गाखानी, बुकाखोला भम्क खारेखोला गिट्टी खानी | |

च. सार्वजनिक उपयोगको क्षेत्रः

| वडा नं. | क्षेत्र | कैफियत |
|---|---|---|
| १ | रहफ स्वास्थ्य चौकि, गाउँघर किल्निकहरु, प्रहरी चौकि, गारखेत खेल मैदान, वसापानि खेलमैदान, इनेवाडा खेल मैदान, सम्पुर्ण सामुदायिक विद्यालयहरु, बालविकास केन्द्रहरु र यस वडा भित्रका सम्पूर्ण सडक तथा गोरेटो बाटाहरु | |
| २ | आधारभुत स्वास्थ्य केन्द्र भुलू, गाउँघर किल्निक ताँदि, पघार खानेपानि सोलार लिफ्ट र निङ्गालपानि खानेपानि सोलार लिफ्ट लगायत सम्पुर्ण खानेपानि मुहान तथा ट्याङ्किहरु, सम्पुर्ण सामुदायिक बिद्यालय क्षेत्र र पिपल चौतारि, मिलन चोक पिपल रुख लगायत यस वडा भित्रका सम्पुर्ण सडक तथा गोरेटो बाटाहरु | |
| ३ | भैरवस्थान स्वास्थ्य चौकी तथा स्वास्थ्य चौकी अन्तर्गतका इकाईहरु, वडा भित्रका सम्पूर्ण सरकारी तथा गैर सरकारी संघसस्थाहरु, सम्पुर्ण सामुदायिक बिद्यालयहरु, मुल्लो राताखाली, चोरथाइ, रोलारखाल, हात्तीखोला, सल्यरीथाइ, सिद्धेपानी लगायत यस वडा भित्रका सम्पुर्ण सडक तथा गोरेटो बाटाहरु | |

| | | |
|---|---|---|
| ४ | तुर्माखाँद स्वास्थ्य चौकि, दश शैया अस्पताल, गाउँघर किल्निक (चिसि, जैसुर,गोदे) नयाँ प्रहरी चौकि रहेको भवन, बाटा लेख स्वास्थ्य चौकि, हुलाक कार्यालय, खुल्ला मञ्च, रागाजुद्धे खेल मैदान, बाजि चौपाता खेल मैदान, सक्तेढोलि स्मृति पिपल चौतारा, सक्ते ढोलि स्मृति, निर्माणाधिन पालिका भवन, सम्पुर्ण सामुदायिक बिद्यालयहरु र यस वडा भित्रका सम्पुर्ण खानेपानि ट्याङ्कि र सडक तथा गोरेटो बाटाहरु | |
| ५ | स्वास्थ्य चौकि नाडा, गाउंघर किल्निक (कोल्ली, ढाङ्टा, धुरगाँउ, बुदे) सम्पुर्ण सामुदायिक बिद्यालयहरु र यस वडा भित्रका सम्पुर्ण सडक तथा गोरेटो बाटाहरु | |
| ६ | स्वास्थ्य चौकि रानिवन, प्रहरी चौकि, गाउँघर किल्निक (स्यालेकरा, तुल्ता, कुनेगडा, राताखालि) सम्पुर्ण सामुदायिक बिद्यालयहरु र यस वडा भित्रका सम्पुर्ण सडक तथा गोरेटो बाटाहरु | |
| ७ | चौका पुरानो गा.वि.स. भवन, स्यास्थ्य चौकि तोषि, गाउँघर किल्निक (बाँसकाडा, सेप्टे, माडुगडा) बाँसकाडा खेल मैदान, सम्पुर्ण सामुदायिक बिद्यालयहरु र यस वडा भित्रका सम्पुर्ण सडक तथा गोरेटो बाटाहरु | |
| ८ | स्वास्थ्य चौकि धमाली, सम्पूर्ण सामुदायिक विद्यालयहरु, बाल बिकास केन्द्र, गाउँघर किल्निक लगायत यस वडा भित्रका सम्पूर्ण सडक तथा गोरेटो बाटाहरु | |

छ. नदि खोला, ताल तथा सिम्सार क्षेत्र

| वडा नं. | क्षेत्र | कैफियत |
|---|---|---|
| १ | यस वडा भित्र रहेका सम्पुर्ण नदी तथा खोलाहरु | |
| २ | यस वडा भित्र रहेका सम्पुर्ण नदी तथा खोलाहरु | |
| ३ | अर्थङ्गखाल पोखरी, माथिपानी, पिउरे, राताखाली, भलाचाँखा पोखरी लगायत यस वडा भित्र रहेका सम्पूर्ण नदि तथा खोलाहरु | |
| ४ | यस वडामा रहेका सम्पुर्ण नदी तथा खोलाहरु | |
| ५ | पाँडागडा दहखाल सिमसार क्षेत्र, गाडेपानि सिमखेत सिमसार क्षेत्र, जवधेन बुदे सिमसार क्षेत्र, तल्लो भण्डार सिमसार क्षेत्र, सुगरखाल तल्लो ढाङ्टा सिमसार क्षेत्र लगायत यस वडा भित्रका सम्पुर्ण खोलाहरु | |
| ६ | यस वडा भित्र रहेका सम्पुर्ण नदी तथा खोलाहरु | |
| ७ | लुगापोखरा ताल, लामविरे खाल, दहखाल, सुङ्गुर खाल, छुडिखोला तिर्खुल्या खाल, चौखुट्टे खाल लगायत यस वडा भित्रका सम्पुर्ण खोलाहरु | |
| ८ | हाल नदिनाला खोलाले ओगटेको सम्पुर्ण क्षेत्र | |

ज. वन क्षेत्रः

| वडा नं. | क्षेत्र | कैफियत |
|---|---|---|
| १ | चरेपानी ठाडीलेख सा.व., वडेरा वैसेनी काफलडाँडा सा.व, खिरापानि सा.व., मालिका सा.व., सेप्टेकोल्गाडे मैनागाडे सा.व. लगायत सम्पुर्ण सरकारी तथा सामुदायिक वनहरु | |
| २ | लक्ष्मी प्रगतिशिल सामुदायिक वन, ताँदी धौलाबगर सामुदायिक वन लगायत सम्पुर्ण सरकारी तथा सामुदायिक वनहरु | |
| ३ | यस वडा भित्र रहेका सम्पुर्ण सरकारी तथा सामुदायिक वनहरु | |
| ४ | चिउरीमेला सामुदायिक वन, ठूलावन सामुदायिक वन जैसुर, निमाडे सामुदायिक वन जुय, लुडा सामुदायिक वन चिसि, कालसैनी सामुदायिक वन, शिवजडी सामुदायिक वन लगायत सम्पुर्ण सरकारी तथा सामुदायिक वनहरु | |
| ५ | कोसेगौडा सा.व. जम्पानी, नौलापानि सा.व., पुरानापानी सा.व., भलायाकाटिया सा.व., सल्यरी सा.व., नाउलिपातल सा.व. लगायत सम्पुर्ण सरकारी तथा सामुदायिक वनहरु | |
| ६ | तालुपात्रे सामुदायिक वन, नाउलेपातल सामुदायिक वन लगायत सम्पुर्ण सरकारी तथा सामुदायिक वनहरु | |
| ७ | जनकल्याण सामुदायिक वन, जन सेवा सामुदायिक वन लगायत सम्पुर्ण सरकारी तथा सामुदायिक वनहरु | |

| | | |
|---|---|---|
| ८ | पाखापानी सामुदायिक वन, मेली सामुदायिक वन, चिसिभिटा नेपाने सामुदायिक वन लगायत हाल वनजङ्गलले ओगटेको सम्पुर्ण क्षेत्र | |

१४. हाल आवासीय प्रयोजनमा रहेका घर जग्गाहरु आवासीय क्षेत्रमा वर्गीकरण गर्ने।

१५.आवासीय वा व्यवसायिक क्षेत्रमा रहने भनी सडक वा अन्य मापदण्ड तथा आधार तोकिएको तर भौगोलिक अवस्थाको कारण आवासको निर्माणको लागि अनुपयुक्त रहेका जग्गा साथै माथि क-ज सम्म उल्लेखित भएका क्षेत्र बाहेक अन्य सम्पुर्ण निजी जग्गाहरु कृषि क्षेत्र अन्तर्गत वर्गिकरण गर्ने।

१६.कुनै व्यक्तिले आफ्नो हकभोगमा रहेको जग्गा निर्धारित प्रयोजनभन्दा फरक प्रयोजनको लागि प्रयोग गर्नु परेमा सोको आधार र कारण खुलाई भूउपयोग परिवर्तन गर्न अनुसूची-२ बमोजिमको ढाँचामा स्थानीय भूउपयोग परिषदमा निवेदन दिन सक्नेछ।

**अनुसूची-२**

*(नियम ११ को उपनियम (१) सँग सम्बन्धित)*

भू-उपयोग क्षेत्र परिवर्तन गर्नको लागि दिने निवेदनको ढाँचा

श्री.............

............स्थानीय भूउपयोग परिषद्।

**विषयःभूउपयोग क्षेत्र परिवर्तन गरी पाउँ।**

मेरो/हाम्रो हकभोगमा........... न.पा./गा.पा. ..... वडा नं. मा रहेको कित्ता नं. ..... को जग्गा भूउपयोग ऐन, २०७६ बमोजिम ......... क्षेत्रमा वर्गीकरण भएकोमा देहायको आधार र कारणले ........ भूउपयोग क्षेत्र परिवर्तन गर्न निम्न कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु/छौं।

आधार र कारणः

१.

२.

३.

निवेदकः

दस्तखतः

नामः

संस्था भए दर्ता प्रमाणपत्र नं.

ठेगानाः

संलग्न कागजातहरु

क. नागरिकताको प्रमाणपत्र/संस्था दर्ता प्रमाणपत्रको छायाप्रति।

ख. भूउपयोग क्षेत्रमा वर्गिकरण भएको व्यहोरा खुल्ने कागजातको छायाप्रति।

ग. जग्गाधनी प्रमाणपुर्जा।

घ. नक्सा/ट्रेश नक्सा।

**प्रमाणीकरण मिति २०८१।०२।०२**

**आज्ञाले**

**चक्रदेव भट्ट**

**नि.प्रमुख प्रशासकीय अधिकृत**



तुर्माखाँद गाउँपालिका